# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०३।२५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------------------

बैजनाथ गाउँपालिका, बैजनाथ गाउँपालिकाको कार्यालय, बनकटवा, बाँकेका ईन्जिनियर माजिद खाँले माटो पटान तथा ग्राबेल सडक निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोहलपुर, बाँकेबाट खटिइ गएको टोलीले निजलाई रु.२५,०००।-(पच्चीस हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.२५,०००।-(पच्चीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
सहायक प्रवक्ता एवं सूचना अधिकारी